
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
0६१-५७0६५१, ९८५६0७५५७५

❑ वर्ष २४ ❑ अङ्क २८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १९ गते आइतबार ❑ 5 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## जाजरकोट भूकम्पमा १५७ जनाको मृत्यु, १९७ घाइते

**रासस**
काठमाडौं, १८ कार्तिक

भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा गरी हालसम्म एक सय ५७ जनाको मृत्यु भएको छ । भूकम्पबाट हालसम्म दुवै जिल्लामा गरी एक सय ९७ जना घाइते भएका छन् ।

सशस्त्र प्रहरी बल केन्द्रीय कार्यालयका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाका अनुसार भूकम्पका कारण जाजरकोटमा एक सय ५ जनाको तथा रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ । यसैगरी भूकम्पबाट जाजरकोटमा एक सय ५, रुकुम पश्चिममा ८५, दैलेख र बैतडीमा तीन/तीन तथा रोल्पामा एक जना घाइते भएका छन् ।

घाइतेलाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरबाट नेपालगञ्ज, काठमाडौँ तथा अन्य ठाउँमा ल्याउने क्रम जारी छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल भूकम्प प्रभावितको उद्धार तथा राहतमा जुटेको छ। प्रभावित क्षेत्रमा यसका लागि एक हजार पाँच सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । भूकम्प प्रभावित क्षेत्रमा नेपाली सेनाले उद्धार तथा राहतका लागि पाँचवटा हेलिकप्टर तथा जहाजको प्रयोग गरिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले जानकारी दिनुभयो। गए राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्र विन्दु भइ ६ दशमलव ४ रेक्टरस्केलको भुकम्प गएको थियो। भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो धनजनको क्षति भएको छ।

यसैगरी सरकारले भूकम्पबाट प्रभावितको खोजी, उद्धार र उपचारमा स्थानीय प्रशासनको नेतृत्वमा सम्पूर्ण संयन्त्रलाई प्रभावकारीरूपमा परिचालन गरिएको जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले शनिबार विज्ञप्ति जारी गर्दै सबै सुरक्षा निकाय, सरकारी संयन्त्र र गैरसरकारी क्षेत्रलाई प्रभावितको उद्धार तथा राहतमा केन्द्रित गरिएको जानकारी दिनुभयो । घटनाबाट निजी आवासका साथै सरकारी संरचनामा समेत क्षति पुगेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । सामान्य घाइतेको



स्थानीय तथा जिल्ला अस्पताल र गम्भीर घाइतेको काठमाडौँ, सुर्खेत तथा नेपालगन्जमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ।

शनिबार बिहानै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चिकित्सक, स्वास्थ्यकर्मी र अत्यावश्यक औषधि एवं राहत सामग्रीसहित प्रभावित जिल्लाको स्थलगत अध्ययन अवलोकनका लागि पुग्नुभएको थियो। सो क्रममा उहाँले पीडित परिवारसँग भेटघाट गर्नुभएको थियो । प्रधानमन्त्री दाहालले सरोकारवाला निकायलाई तत्काल खोज, उद्धार र राहत व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन निर्देशन दिनुभएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा मुख्यसचिव, विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुख एवं सरोकारवाला निकायका प्रतिनिधिको बैठकले भूकम्प पीडितको उद्धार र राहतमा प्रभावकारी ढङ्गले खटिइने निर्णय गरेको थियो।

बैठकले भूकम्प प्रभावितमा खोज, उद्धार तथा घाइतेको उपचार कार्यलाई पहिलो प्राथमिकता दिई सम्पन्न गर्ने, स्थानीय अस्पतालहरूमा उपचार भइरहेका घाइतेको उपचारलाई प्रभावकारी बनाउन आवश्यक विशेषज्ञ चिकित्सकसहितका जनशक्ति, अत्यावश्यक औषधि उपकरण छिटो साधनद्वारा प्रभावित क्षेत्रमा पऱ्याउने, थप उपचारका लागि स्वास्थ्य जनशक्ति सुर्खेत, नेपालगन्ज र काठमाडौँमा तयारी अवस्थामा राख्ने निर्णय गरेको थियो । बैठकले तत्काल राहत व्यस्थापनका लागि खाद्यान्न र अस्थायी आवास (टेण्ट, त्रिपाल, कम्बल, म्याट्रेस, स्लिपिङ ब्याग आदि सामग्री प्रभावित जिल्लामा पठाउने एवं खोज, उद्धार, उपचार र समन्वयका लागि सुर्खेतलाई मुख्य र नेपालगन्जलाई सहायक केन्द्र तोकी आवश्यकतानुसार साधन स्रोत परिचालन गर्ने निर्णय गरेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । खोज तथा उद्धार कार्य र राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिमार्फत एकद्वार प्रणालीबाट परिचालन गर्ने, जाजरकोट र रुकुम पश्चिमका जिल्ला विपद् व्यवस्थापन कोषमा रु पाँच-पाँच करोड तत्काल पठाउने, खोज उद्धार तथा शव व्यवस्थानको विशेष तालिमप्राप्त टोली प्रभावितस्थलमा पठाउने भूकम्पका कारण अवरुद्ध भएका सडक तत्काल खुलाउन आवश्यक व्यवस्था मिलाउने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ । उक्त बैठकले विपद् व्यवस्थापन कार्यमा सहयोगका लागि मित्रराष्ट्र तथा विदेशी नियोगबाट प्राप्त भएका सद्भावयुक्त प्रस्तावका लागि कृतज्ञता व्यक्त गर्दै थप विवरण र क्षतिका आधारमा आवश्यक परेमा पछि अनुरोध गरिने निर्णय गरेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

मन्त्रालयले विपद्को अवस्थामा खोज, उद्धार र राहतका लागि क्रियाशील जनप्रतिनिधि, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी तथा निजी क्षेत्र, सङ्घसंस्था तथा व्यक्ति र यस कार्यमा सूचना सम्प्रेषण गरी सहयोग गर्ने सञ्चारकर्मीलाई धन्यवाद व्यक्त गरेको छ । मन्त्रालयले मानवीय संवेदनालाई ख्याल गरी सत्य, तथ्य र आधिकारिक सूचना सम्प्रेषण गर्न र प्रदान गरिने सहयोगलाई सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत एकद्वार प्रणालीबाट परिचालन गर्नसमेत सबैमा अनुरोध गरेको छ।

## पोखरा महानगरबाट भूकम्प प्रभावित क्षेत्रमा राहतसहित उद्धार टोली

**पोखरापत्र संवाददाता**
पोखरा, १८ कार्तिक

भौगोलिकरूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकाले भूकम्प प्रभावित क्षेत्रमा राहत सामग्रीसहित उद्धार टोली पठाएको छ।

महानगरले वडाध्यक्षद्धय साहारा प्रधान र राममोहन आचार्यको नेतृत्वमा स्वास्थ्यकर्मी, नगर प्रहरीसहितको टोली राहत तथा उद्धारका सामग्रीसहित आज साँझ प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेको जनाएको छ।

शुक्रबार राति जाजरकोटको बारेकोट गाउँपालिका-१ केन्द्रबिन्दु भएर गएको भूकम्पबाट जाजरकोट र रुकुमपश्चिममा ठूलो मानवीय तथा भौतिक क्षति भएको छ । महानगर प्रमुख धनराज आचार्यले दुईवटा सानो गाडी र एक ट्रकमा राहत सामग्री सहित १७ जनाको उद्धार टोली प्रभावित क्षेत्र रुकुम र जाजरकोट प्रस्थान गरेको जानकारी दिनुभयो। महानगरको टोली आवश्यकतानुसार प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्यमा खटिने छ । टोलीले राहत सामग्रीका रूपमा लत्ताकपडा, त्रिपाल, ब्ल्याङ्केट र औषधि एवं उपचारका आवश्यक सामग्री गएको प्रमुख आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भूकम्पका कारण सिर्जित हृदयविदारक घटनामा राहत तथा उद्धारमा सहभागी हुनु हाम्रो पनि कर्तव्य हो । प्रभावित क्षेत्रका नागरिकको उद्धार, उपचार, राहत, पुनःनिर्माणलगायत कार्यमा पोखरा महानगरले सहयोग गर्नेछ ।" महानगरले भूकम्प प्रभावित क्षेत्रमा रु ५० लाखको सहयोगको घोषणासमेत गरेको छ। महानगर प्रमुख आचार्यले पहिलो चरणमा महानगरका जनप्रतिनिधिको एक महिनाको पारिश्रमिकबापत रु १३ लाख १५ हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶




## गण्डकी प्रदेशले भूकम्प प्रभावित क्षेत्रमा पठायो चिकित्सक र स्वास्थ्य सामग्री

**पोखरापत्र संवाददाता**
पोखरा, १८ कार्तिक

गण्डकी प्रदेश सरकारले गएरातिको भूकम्पबाट प्रभावित क्षेत्रमा स्वास्थ्य सामग्रीसहितको चिकित्सक र स्वास्थ्यकर्मीको टोली पठाएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शनिबार एक अपिल जारी गरी प्रभावित क्षेत्रमा मानवीय सहायता पुऱ्याउने उद्देश्यले चिकित्सकसहितको टोली त्यसतर्फ पठाइएको जानकारी दिनुभयो।

सरकारले प्रदेश सरकार मातहतको सङ्क्रामक तथा सरुवा रोग अस्पतालका प्रमुख डा विकास गौचनको नेतृत्वमा मेडिकल, हाडजोर्नी र एनेस्थिेसियाको विशेषज्ञचिकित्सकरस्वास्थ्यकर्मी का साथै उपचार सामग्री भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा पठाएको हो। स्थलमार्ग हुँदै जाने टोली आइतबार बिहान रुकुम पुग्ने र भूकम्पबाट घाइतेको उपचारमा खटिने छन् । अपिलमा मुख्यमन्त्री पाण्डेले जाजरकोट र रुकुमपश्चिममा भएको ठूलो मानवीय तथा भौतिक क्षतिको घटनाले मर्माहत बनाएको उल्लेख गर्नुभएको छ । "विपद्को यस घडीमा भूकम्प प्रभावित क्षेत्रमा प्रभावकारी उद्धार तथा राहतको

बाँकी अन्तिम पृष्ठमा ▶▶

# भूकम्पपीडितलाई भेटेर प्रधानमन्त्रीले भन्नुभयो- सरकार तपाईंहरूको साथमा छ

**रासस**
काठमाडौं, १८ कार्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले रुकुम पश्चिममा पुगी भूकम्पमा परी घाइते भएकासँग भेट गर्नुभएको छ।

भूकम्प प्रभावित क्षेत्र अनुगमनका लागि शनिबार विहान जाजरकोट र रुकुम पश्चिम आइपुग्नुभएका प्रधानमन्त्री दाहालले सोही क्रममा रुकुम पश्चिमको विभिन्न अस्पतालमा रहेका घाइतेलाई भेट्नु भएको हो।

बिहान जाजरकोट पुग्नुभएका प्रधानमन्त्री दाहाल खलङ्गामा रहेको जिल्ला अस्पतालमा घाइतेलाई भेट गरेपछि रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा रहेको मिसन अस्पतालमा पुग्नुभएको थियो।

उहाँले जाजरकोटबाट केही घाइतेलाई आफू चढेको हेलिकोप्टरमा उद्धार गरेर चौरजहारीसम्म पुर्‍याउनुभएको थियो। चौरजहारीबाट ती घाइतेलाई सुर्खेत अस्पताल लगिएको छ। चौरजहारी अस्पतालमा घाइतेलाई भेट गर्नुभएका प्रधानमन्त्री दहाल सानीभेरी गाउँपालिकामा रहेको पालिका अस्पताल छोटेबगर, जिल्ला अस्पताल सल्ले र आठबिसकोट नगर अस्पतालमा पुगेर घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो।

प्रधानमन्त्री दाहालले घाइतेको उपचारमा सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। रुकुमपश्चिम र जाजरकोटले ठूलो विपत्ति भोग्नुपरेको भन्दै नआत्तिन आग्रह गर्नुभयो। "भूकम्पका कारण भएको क्षतिप्रति हामी दुःखी छौँ। सरकारले तपाईंहरूका लागि उद्धार, राहत र अन्य विभिन्न कार्यक्रम गर्नेछ। तपाईंहरू नआत्तिनु होला", प्रधानमन्त्री दाहालले भन्नुभयो। साथै उहाँले सरकार भूकम्पपीडितको साथमा रहेको बताउनुभयो। भूकम्प गएको थाहा पाउनेबित्तिकै उद्धारको काममा कुनै कसर बाँकी नराख्ने योजनाका साथ सरकार लागिपरेको उहाँको भनाइ थियो। भूकम्पपीडितलाई भेट्न वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत र प्रतिनिधिसभा सदस्य जनार्दन शर्मा पनि प्रधानमन्त्रीसँगै यहाँ आइपुग्नुभएको थियो। प्रधानमन्त्री दाहाल आज बिहान स्वास्थ्यकर्मीको टोलीसहित प्रभावित ठाउँमा आइपुग्नुभएको हो।

# पुतली बाजेको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ कार्तिक



पोखरामा बस्दै आएका सामाजिक व्यक्तित्व पुतली बाजे अर्थात कोलिन स्मिथको निधन भएको छ। पुतलीको संग्रहमा जीवन अर्पेका ८८ वर्षिय पुतली बाजेले गएराती धर्ती छाडेका हुन्।

स्वास्थ्य अवस्था कमजोर बनेपछि विगत २ महिनादेखि पुतली बाजे हरियो खर्क अस्पताल पोखरामा भर्ना भएका थिए। उनको उपचारकै क्रममा शनिबार विहान ३ बजे निधन भएको जनाइएको हो।

आफ्नो मामाबाट प्रभावित भएर पुतली बाजे पुतली संकलनमा लागेका थिए। पुतली संकलनमै रमाउँदै नेपाल बसेका उनले आफ्नो जन्म देश वेलायत त्यागेका थिए। वेलायत त्यागेर जीवनभर नेपाल बसेपनि उनले चाहेजस्तो नेपालको नागरिक भने हुन पाएनन्। उनलाई नेपाल सरकारले २०१९ मा मानार्थ नागरिकता प्रदान भने गरेको थियो।

२९ वर्षमै नेपाल आएका उनी पुतलीको अध्ययनसहित पोखरा, गोरखा र काठमाडौंमा बसेर शिक्षण पेशा अप्नाए।

पुतली बाजेले नेपालका विभिन्न ठाउँका पुतली संकलन गरेर पृथ्वीनारायण क्याम्पस परिसरमा पुतली सङ्ग्रहालयको स्थापना नै गरेका छन्। उनले करीब पाँच सय प्रजातिका पुतली संकलन गरी गरेका छन्।

# भूकम्पपीडितका लागि सरकारले कार्यक्रम ल्याउनुपर्ने

**पोखरापत्र संवाददाता**
दमौली, १८ कार्तिक

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद प्रदीप पौडेलले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितको उद्धार, राहत र सहयोगका लागि सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस क्षेत्र नं २ समितिले आज दुलेगौडामा आयोजना गरेको श्रद्धाञ्जलिसभामा सांसद पौडेलले भूकम्पपीडितलाई अहिले सहयोगको खाँचो रहेको भन्दै सरकारका तर्फबाट विशेष कार्यक्रम घोषणा हुनुपर्ने बताउनुभयो। सङ्घीयता खर्चिलो भयो भनेर टीका-टिप्पणी भइरहेका बेला विपद्को यो घडीमा सबै प्रदेश सरकारले सहयोगको हात अगाडि बढाउनुपर्नेमा नेता पौडेलले जोड दिनुभयो। "स्थानीय तहले पनि पीडितले महसुस हुने गरी सहयोग गर्नुपर्छ", सांसद पौडेलले भन्नुभयो। भूकम्पपीडितको उद्धार र राहतका लागि नेपाली कांग्रेसका तर्फबाट रु ५० लाख सहयोग गर्ने घोषणा भइसकेको भन्दै उहाँले थप सहयोग जुटाउन आफूहरू लाग्ने बताउनुभयो। उहाँले भन्नुभयो, "एक नेपालीलाई चोट लाग्दा अर्को नेपालीलाई दुख्छ। हामी सबैले सहयोग जुटाएर पीडामा मल्हम लगाउने कोसिस गरौँ।"


## चाडबाडको समयमा खानपानमा ध्यान दिऔं।

◆मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
◆काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
◆सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
◆स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
◆मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कांग्रेसको छवि धूमिल भएकामा नेता कोइराला चिन्तित

**रासस**
काठमाडौं, १८ कार्तिक

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले नेताहरूको व्यक्तिवादी चरित्रले नेपाली कांग्रेसमा किचलो बढेको आरोप लगाउनुभएको छ।

कांग्रेस राष्ट्रिय राजनीतिको मियो बन्नुपर्नेमा आन्तरिक झगडामा रुमल्लिनु दुःखद् भएको नेता कोइरालाले बताउनुभयो। बिपी कोइरालादेखि सुशील कोइरालाको नेतृत्व रहँदासम्म कांग्रेसको वरिपरि नेपालको राजनीति घुमेको उल्लेख गर्दै कोइरालाले नेताहरूकै कमजोरीका कारण कांग्रेसको छवि धूमिल भएकामा चिन्ता व्यक्त गर्नुभयो।

नेपाली कांग्रेस धादिङको प्रथम जिल्ला सम्मेलनको आज उद्घाटन गर्दै नेता कोइरालाले अब हुने सबै निर्वाचनमा कांग्रेस एक्लै चुनाव लड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उक्त सम्मेलनलाई संस्थापन पक्षका नेताले बहिष्कार गरेका थिए।

## पोखरा ...

राहत प्रदान गरिने जानकारी दिनुभयो। राहतका लागि नपुग रकम महानगरपालिकाको विपद् कोषबाट खर्च व्यहोरिने र रु ५० लाख बराबरको राहत सहयोग प्रदान गरिने महानगरले जनाएको छ। यसैगरी गण्डकी प्रदेश सरकारले पनि प्रभावित क्षेत्रमा मानवीय सहायताका लागि चिकित्सक टोली पठाएको छ। मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रभावित क्षेत्रमा मानवीय सहायता पुर्‍याउने उद्देश्यले चिकित्सकसहितको टोली त्यसतर्फ पठाइएको जानकारी दिनुभयो। सरकारले प्रदेश सरकारमातहतको सङ्क्रामक तथा सरुवा रोग अस्पतालका प्रमुख डा विकास गौचनको नेतृत्वमा मेडिकल, हाडजोर्नी र एनेस्थिसियाको विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मी र उपचार सामग्री भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा पठाएको हो। स्थलमार्ग हुँदै जाने टोली आइतबार बिहान रुकुम पुग्ने र भूकम्पबाट घाइते भएकाको उपचारमा खटिने बताइन्छ।

## गण्डकी ...

काममा जुट्न विभिन्न सङ्घसंस्था तथा नागरिक समाजलगायत सम्बन्धित सबैलाई प्रदेश सरकार अपिल गर्दछौँ", अपिलमा भनिएको छ। मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारकोतर्फबाट प्रभावित क्षेत्रका नागरिकको उद्धार, उपचार, राहत, पुनःनिर्माणलगायतका कार्यमा कर्णाली प्रदेश सरकारसँगको समन्वयमा आवश्यक सहयोग गर्ने प्रयास निरन्तर रहने बताउनुभएको छ। गएराति जाजरकोटको बारेकोट गाउँपालिका-१ केन्द्रबिन्दु भएर गएको भूकम्पबाट जाजरकोट र रुकुमपश्चिममा मानवीय तथा भौतिक क्षति भएको छ।

# बस दुर्घटनामा ३४ जना घाइते

**पोखरापत्र संवाददाता**
दमौली, १८ कार्तिक

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ कमलाबारीमा शनिबार बिहान भएको बस दुर्घटनामा ३४ जना घाइते भएका छन्। उदयपुरको कटारीबाट पोखरातर्फ आउँदै गरेको ना५ख १७५२ नम्बरको यात्रुवाहक बस अनियन्त्रित भई सडकमा पल्टिँदा बसमा सवार ३४ जना घाइते भएका हुन्।

दुर्घटनामा घाइते बस चालकसहित यात्रुलाई उद्धार गरी विभिन्न अस्पताल पठाइएको प्रहरी नायव उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो। दुर्घटनामा परी जिल्ला उदयपुर कटारी नगरपालिका-३ का ३१ वर्षीय सुभास परियार, सहचालक जिल्ला ओखलढुङ्गा सुनकोसी गाउँपालिका-७ का अशोक कार्की, उदयपुर कटारी नगरपालिका-४ का २३ वर्षीय युवराज परियार, तनहुँको भानु नगरपालिका-१ का ३१ वर्षीय विक्रम विक, ३० वर्षीया शोभा विश्वकर्मा, चार वर्षीया सहारा सेन्चुरी विक, गोरखाको गोरखा नगरपालिका-३ का ३० वर्षीय कृष्ण परियार र उदयपुर कटारी नगरपालिका-१४ का २९ वर्षीया पार्वती रावत घाइते भएका छन्। यस्तै सिन्धुली दुधौली नगरपालिका-१२ का ३३ वर्षीय विष्णु परियार, कास्कीको पोखरा महानगरपालिका-१६ का सात वर्षीय अविनम आले मगर, ३० वर्षीया विमला श्रेष्ठ, १० वर्षीय अङ्कित श्रेष्ठ र १५ वर्षीय आकाश श्रेष्ठ घाइते भएका छन्। तनहुँको शुक्लागण्डकी नगरपालिका-९ का ३७ वर्षीय सुजन अधिकारी, भानु नगरपालिका-२ का २३ वर्षीया सुमित्रा अधिकारी, कास्कीको पोखरा महानगरपालिका-१४ वर्षीया चिजमाया खत्री, धनुषाका २० वर्षीया सुजिता शेर्पा, २२ वर्षीय दिनेश दाहाल, ६० वर्षीया मनमाया तामाङ, उदयपुरको कटहरी नगरपालिका-९ का ३५ वर्षीय विनोद गिरी, कास्कीको पोखरा महानगरपालिका-३१ का ३४ वर्षीया बुद्धिमाया अधिकारी र गोरखाको पालुङटार नगरपालिका-७ का ४० वर्षीय शिव कुमाल घाइते भएका छन्।

प्रहरीका अनुसार उदयपुर कटारी नगरपालिका-४ का १४ वर्षीय दीपसन राउत, कास्कीको पोखरा महानगरपालिका-१९ का १० वर्षीय कृष्ण शाह, १९ वर्षीय नेहा शाह, उदयपुर कटारी नगरपालिका-५ का २८ वर्षीया तुलसीमाया मगर, पोखरा महानगरपालिका-१४ का ४० वर्षीया विन्दु सुनुवार, चितवन भरतपुर महानगरपालिका-१० का १७ वर्षीय सुजन तिवारी, सर्लाही बागमती नगरपालिका-१ का १७ वर्षीय अमृत राना मगर, गुल्मीको धुर्कोट गाउँपालिका-३ का २४ वर्षीया निर्मला नेपाली, इटहरी नगरपालिका-२ का ७१ वर्षीया मनकुमारी कटवाल, तनहुँको भानु नगरपालिका-६ का २५ वर्षीया सुजता अधिकारी, धनुषाको गोदार नगरपालिका-७ का १५ वर्षीया अनिष थापा र पोखरा महानगरपालिका-१४ का १८ वर्षीया सरला सुनार घाइते भएका छन्।

घाइतेमध्ये केही उपचारपश्चात् डिस्चार्ज भएको र केहीको पोखरा र दमौलीमा उपचार भइरहेको छ।

# कांग्रेसद्वारा भूकम्प प्रभावितलाई ५० लाख सहयोग

**रासस**
काठमाडौं, १८ कार्तिक

नेपाली कांग्रेसले भूकम्प पीडितको उद्धार, राहत र पुनर्स्थापनाका लागि पार्टीका तर्फबाट सरकारलाई रु ५० लाख उपलब्ध गराउने निर्णय गरेको छ।


साथै कांग्रेसले स्वदेश र विदेशमा रहेका सबैलाई तन, मन र धनका साथ खुला हृदयले मानवीय सेवाको अभियानमा जुट्न अपिल समेत गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। शुक्रबार राति ११:४७ मा गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र रुकुम (पश्चिम) लगायतका क्षेत्रमा ठूलो सङ्ख्यामा मानवीय क्षति, भौतिक क्षति र सयौँ घाइते भएका छन्।

कांग्रेसले उक्त घटनाले समस्त नेपालीलाई मर्माहत र दुःखी बनाएको उल्लेख गर्दै यस्तो समयमा सरकार, राजनैतिक दल, संघ-संस्था सबै एक भएर विपद्को सामना गर्न सबैमा अपिल गरेको छ।


## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# भुकम्प पीडितको उद्दारमा जुटौं

जाजरकोट भुकम्पमा परि हालसम्म १५७ जनाको मृत्यु भएको छ। १९७ जना घाइते भएका छन्। गृह मन्त्रालका अनुसार शनिबार साँझसम्म प्राप्त विवरण अनुसार जाजरकोटमा १०५ र रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको हो। सामान्य घाइतेहरुको स्थानीय तथा जिल्ला अस्पतालमा भइरहेको छ भने गम्भीर घाइतेहरुलाई हवाई उद्धार गरी काठमाडौं, सुर्खेत र नेपालगञ्जमा उपचार गरिएको छ। काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा ७ जनाको उपचार भइरहेको छ।

जाजरकोटको बारेकोट गाउँपालिका-१ केन्द्रबिन्दु भएर शुक्रबार राति ११:४७ मा गएको ६.४ रेक्टर स्केलको भूकम्पका कारण कति घर क्षति भयो भन्ने विषयमा सरकारको आधिकारिक सूचना दिएको छैन। जाजरकोटको बारेकोट -१, रामीडाँडा केन्द्रविन्दु भएको ६.४ म्याग्निच्युडको भूकम्पबाट जाजरकोटमा र रुकुम पश्चिममा ठूलो क्षति भएको छ। त्यस क्षेत्रको भौगोलिक अवस्था र बसोवाससमेत हेर्दा क्षतिको पूर्ण विवरण आउन अझै केही समय लाग्नेछ। तत्कालको लागि केन्द्र सरकार र प्रदेश सरकारले राहत कोषमा सहयोग गर्ने घोषणा गरेका छन। छिमेकी चीनले १० करोडको राहत सामाग्री दिने भएको छ। अहिले भुकम्प पीडितहरू खुला आकाशमुनि बस्न बाध्य छन। अवस्था निकै भयावह छ।

यसैले सरकारले जानकारी पाएको भन्दा ठूलो सङ्ख्यालाई लक्षित गरेर उद्धार र आकस्मिक सहायताको तयारी गर्नुपर्छ। उपचारका लागि अस्पतालमा ठाउँ नभएको र अवस्था कष्टकर भएको जनप्रतिनिधिको भनाई छ! प्राकृतिक विपत्तिपछि खान नपाएर कोही नमरुन् र फोहोर पानीका कारण बिरामी नपरुन् भनेर पहिलो ध्यान दिनुपर्छ। घाइतेको उपचारको सम्पूर्ण खर्च राज्यले बेहोर्नुपर्छ। उद्धार र आकस्मिक सहयोगमा प्रशासनिक झन्झट हुन नदिन राजनीतिक नेतृत्व सजग हुनुपर्छ भने पुनःनिर्माण एवं पुनःस्थापनाको चरणमा भेदभाव हुन नदिने दायित्व मूलतः प्रशासनिक कर्मचारीको हो। यसैगरी मानवीय सहायताका अवस्थामा सामाजिक संघसंस्थाका कर्मचारीलाई सरकारले भाँजो नहाली सहजीकरण गर्नुपर्छ। पश्चिममा पाँच सय बर्षअघि ठूलो भुकम्प गएको थियो। त्यहाँ ठूलो भूकम्प जान सक्ने विज्ञहरूले सचेत नगराएका होइनन्। पूर्व तयारी नगर्ने र विगतबाट पाठ नसीक्ने हुँदा मानवीय र भौतिक क्षति व्यहोर्नुपरेको छ।

पहिलेका ससाना परकम्प र विशेषगरी बझाङ भूकम्पबाट चर्किएका घरहरू ठूलो धक्का सहन नसकेर भत्के। रातको समय भएकाले धेरै जनाको ज्यान गयो। सरकारले बेलैमा घरहरूको परीक्षण गरेर जोखिमप्रति सावधान गराएको भए सम्भवतः यति धेरैको ज्यान जाने थिएन। गोरखा भूकम्पपछि पुनर्निर्माणको अवसर मूलतः सरकारको अनुदार नीति र कर्मचारीको कामचोर एवं भ्रष्ट प्रवृत्तिका कारण खेर गयो। पुरातात्विक महत्वका सम्पदाको पुनर्निर्माणमा कारिन्दा र कार्यकर्ताले भ्रष्टाचार गरे भने व्यक्तिले समेत राज्यलाई ढाँटेर आफैँलाई ठगे। अब यस्तो नदोहोरियोस्।

निजी घरहरू पक्की बनाउँदा पनि राज्यलाई फाइदै हुन्छ। सबै आवासीय घरहरूको जाँच गरेर घरहरू जोखिममुक्त बनाउन सहयोग गर्ने अभियान प्रदेश सरकारहरूले नै चलाउनु उचित हुनेछ। भूकम्प पीडितलाई सहयोग गर्न तत्पर अन्तर्राष्ट्रिय समुदायले पनि पुनर्निर्माणका सहयोग गर्नसक्छ। सबैलाई सहयोगको लागि आव्हान गर्ने र एकद्वार बाट राहतका काम गर्नुपर्छ। तीन तहका सरकार, राजनीतिक दल, राष्ट्रिय, अन्तर्राष्ट्रिय सामाजिक संघ संस्था, नागरिक समाज र संचार माध्यमको सहयोग अहिलेको आवश्यकता हो।

# पर्यटकीय गन्तव्य सूचीकरण र क्युआर नक्साङ्कन गरिने

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ कार्तिक

बागलुङ नगरपालिकाले पर्यटकीय गन्तव्यहरूको चिनारी, प्रचारप्रसार र प्रवर्द्धनका लागि श्रव्यदृश्य तथा पुस्तक आकारका प्रचार सामग्री बनाउने भएको छ।

नगर पर्यटन विकास समितिको बैठकले पर्यटकीय सम्पदाहरूको 'क्युआर हेरिटेज म्यापिङ तथा स्टोरी' बनाउने भएको समितिका अध्यक्ष तथा नगर उपप्रमुख राजु खड्काले बताउनुभयो। पर्यटकीय सम्पदाको सूचीकरण गरेर ब्रोसर बनाउने, ती स्थानको चिनारीका लागि पुस्तक प्रकाशन गर्ने, पर्यटनसम्बन्धी लेखरचना लेख्नेलाई प्रोत्साहन दिने नीति बनाइएको उहाँले बताउनुभयो।

"पर्यटन क्षेत्रको विकास गर्न सकेमा बागलुङको आर्थिक अवस्था पनि सुधार हुनेछ", उहाँले भन्नुभयो, "समितिले पनि जसरी हुन्छ अब बागलुङको पर्यटन अवस्थामा सुधार ल्याउने हो।" पहिलोपटक नगर क्षेत्रको विकास गर्दै क्रमशः जिल्लाकै पर्यटकीय पहिचान बनाउने लक्ष्य रहेको उहाँले सुनाउनुभयो। समितिले पर्यटन पत्रकारिता तालिम सञ्चालन गर्न लागेको छ। त्यसका लागि कक्षा १२ पास गरेका विद्यार्थीदेखि क्रियाशील पत्रकारलाई पनि विधागत रूपमा विज्ञ बनाउने योजना बनाइएको हो। विशेषगरी बागलुङ आएका पर्यटकले मुख्य सम्पदाबारे विद्युतीय रूपमा अध्ययन गर्न पाउने व्यवस्थाका लागि क्युआर हेरिटेज म्यापिङ गर्न लागिएको हो। त्यसका लागि आह्वान गरिएको प्रस्तावका लागि तीन संस्थाले प्रस्ताव पत्र पेस गरिसकेका छन्। पछिल्लो समय बढिरहेको टिकटकलाई समेत प्राथमिकता दिएर बागलुङका पर्यटकीय क्षेत्रलाई प्रचार गर्न बनाइने टिकटकसमेत प्रोत्साहनको दायरामा पर्नेछ। सदरमुकाम बागलुङ बजारदेखि विभिन्न पर्यटकीयस्थल, जिल्लाका गन्तव्य, मध्यपहाडी लोकमार्गका अन्य जिल्लाका सदरमुकाम, हिमाली पदयात्रा, मुक्तिनाथ, ढोरपाटन र धौलागिरि तथा अन्नपूर्ण बेसक्याम्प लगायतका स्थानमा जाने मार्गबारे समेत जानकारी दिने गरी नक्साङ्कन गरिनेछ। चालु आर्थिक वर्षका लागि ४० लाख बजेट विनियोजन गरिएको पर्यटन शीर्षकबाट पर्यटन प्रहरी राख्ने, पर्यटन सूचना केन्द्र बनाएर बागलुङ आएका पर्यटकको लगत राखेर उनीहरूले जाने क्षेत्र, बस्न चाहेको होटल तथा अन्य सेवासुविधाबारे जानकारी दिने र आगामी दिनमा उनीहरूले थप पर्यटक ल्याउने योजना बनाउन प्रोत्साहन गरिनेछ। पहिलो चरणमा नगरपालिकाले कम्तीमा १० गन्तव्य छनोट गरेर तिनीहरूको नक्साङ्कन गर्नेछ। बागलुङ कालिका, पञ्चकोट, शालिग्राम सङ्ग्रहालय, भकुण्डे, भैरवस्थान लगायतका स्थललाई प्रचार गर्ने, बागलुङका होटलहरूमा पाहुना सत्कार गर्ने पद्धति बसाल्ने, यातायात व्यवसायीले पनि घुम्न आएका पाहुनालाई स्वागत गर्दै सही गन्तव्यमा लैजान सहयोग गर्ने, सञ्चारमाध्यमले प्रचारात्मक र प्रवर्द्धनात्मक क्रियाकलाप गर्न नगरपालिकाले आग्रह गरेको छ। समितिले गन्तव्य तोक्दा न्यूनतम कति पर्यटक जाने स्थानलाई पहिलो प्राथमिकतामा राख्ने, कस्तो प्रकारको ब्रोसर र नक्साङ्कन गर्नेजस्ता विषय छनोट र प्रतिवेदन तयार गर्न प्रशासकीय अधिकृत युक्तप्रसाद सुवेदी नेतृत्वमा चुस्त उपसमिति गठन गर्नेसमेत निर्णय गरेको छ।

# सयपत्री फूल चिस्यान केन्द्रमा भण्डारण

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ कार्तिक

जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ स्थित मिलीजुली कृषि उत्पादक सहकारी संस्था लिमिटेडको चिस्यान केन्द्रमा सयपत्री फूल भण्डारण गर्न थालिएको छ। लामो समयदेखि बिग्रिएर प्रयोगविहीन बनेको सहकारी संस्थाको चिस्यान केन्द्र गाउँपालिकाले मर्मतसम्भार गरी पुन : सञ्चालनमा ल्याइएको हो।

आँबुखैरेनी-१ स्थित याञ्चोक र आँधीमूल आमा समूह तथा मित्रता मावि परिसमा गरी करिब २६ रोपनी क्षेत्रफमा व्यावसायिक फूल खेती गरिएको छ। पालिकाले केन्द्र मर्मत गरी सयपत्री फूल भण्डारणका लागि प्रयोगमा ल्याइएको गाउँपालिकाका कृषि शाखाप्रमुख सन्तोष केसीले जानकारी दिनुभयो। यस वर्ष मौसम उपयुक्त भएकाले छिट्टै फूलको वृद्धि विकास भई तिहार अगावै फूल फक्रिन थाल्ने उहाँले बताउनुभयो। फूल फक्रिन थालेपछि टिपेर माला बनाइने उहाँको भनाइ थियो। गोरखा, दमौली, काठमाडौँलगायत स्थानबाट तिहारका लागि आठ हजारभन्दा बढी मालाको माग भइसकेको केसीले बताउनुभयो। "याममा गुणस्तर हेरी प्रतिमाला रू ४० देखि ७० सम्म बिक्री गर्ने योजना रहेको छ", उहाँले भन्नुभयो, "अन्य समयमा प्रतिमाला रू ७० मूल्य कायम गरिएको छ। खुद्रा भने रू एक सयदेखि एक सय २० सम्म बिक्री गर्ने योजना छ।"

पहिलो वर्षको अनुभव रहेकाले प्राविधिक व्यवस्थापन गरिरहेका केसीले बताउनुभयो। उहाँका अनुसार पूर्ण रूपमा फक्रिएका फूल मात्रै टिपेर माला बनाएर चिस्यान केन्द्रमा राख्न थालिएको छ। करिब पाँच हजार माला चिस्यान केन्द्रमा राख्न सकिने क्षमताको रहेको गाउँपालिका कार्यालयले जनाएको छ। महिलालाई फूलखेतीमा आकर्षित गराउँदै आयआर्जनसँग जोड्न एक सय प्रतिशत अनुदानमा बिरुवा वितरणदेखि प्राविधिक सहयोग गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो।

# बाढी पहिराले ठप्प शाखा सडक सञ्चालनमा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ कार्तिक

असार दोस्रो सातादेखि अवरुद्ध बनेका यहाँका ग्रामीण सडक पूर्णरुपमा सञ्चालनमा आएका छन्।

सडक सञ्चालनमा आएसँगै स्थानीयलाई सामान ढुवानी तथा यात्रा गर्न सहज भएको छ। बाढी, पहिरो र खोलामा पानीको बहाव बढेपछि अवरुद्ध बनेका सडक करिब पाँच महिनापछि सञ्चालनमा आएका हुन्। बरेङ, काठेखोला, निसीखोला, तमानखोला, ताराखोला, बडिगाड गाउँपालिका, ढोरपाटन, गलकोट र जैमिनी नगरपालिकामा मुख्य सडकबाहेक शाखा सडक ठप्प थिए।

अवरुद्ध भएका सडकमध्ये अधिकांश दसैं अगावै खुले पनि केही स्थानमा भने दसैं सकिएपछि खुलेका छन्। राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग, कालीगण्डकी कोरिडोर र सालझण्डी-ढोरपाटन सडक बर्खाका समयमा अवरुद्ध भए पनि केही समयमै खुलाइन्थ्यो भने ग्रामीण सडक महिनौं दिनपछि मात्रा सञ्चालन गरिएको स्थानीय तमबहादुर श्रीसले बताउनुभयो। असारमा ठूलो वर्षा भएपछि गाउँ नजिकैको सडकमा ठूलो पहिरो गएपछि यातायात ठप्प भएको भन्दै त्यसलाई खुलाउन हिउँद कुर्नु परेको सुनाउनुभयो। त्यो पहिरो खुलाएको भए सिंगो गाउँमा बर्खाभरीनै यातायात साधान चल्ने उहाँ बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "साउनको पहिरो साता सडक माथिदेखि पहिरो आएर आवतजावत बन्द भयो, गाउँपालिकाले सडक खुलाउँछ कि भनेको महिनौं बित्दा पनि खुलाएन, दुई साता भयो सडक सञ्चालन भएको छ, सडकमा गाडी चल्न थालेपछि बजारबाट सामान ल्याउन र यात्रा गर्न सजिलो भएको छ।"

स्थानीय निसान घर्तीले अवरुद्ध सडक बर्खामै पनि खुलाउन सकिने भए पनि सरोकारवाला निकायले ध्यान महिनौंसम्म आफूहरूले दुःख पाउनु परेको बताउनुभयो। गाउँमा दैनिक तीन/चार वटा पिकअप जिपले सामान ओसार्ने र मान्छे बोक्ने गरे पनि बर्खामा ठप्पै भएको बताउनुभयो। गाउँमा सडक आएदेखि हरेक वर्ष बर्खामा सडक ठप्पै हुने गरेको उहाँको भनाइ छ। पहिरोले अवरुद्ध बनाएको सडक उतिबेलै सञ्चालन गरे गाउँका सयौं नागरिकलाई सहज हुने घर्ती बताउनुहुन्छ। काठेखोला गाउँपालिकाका प्रवक्ता टीका सङ्गम विकले बर्खामा अवरुद्ध बनेका सबै सडक सञ्चालनमा आएसँगै सहज भएको बताउनुभयो। अहिले कुनै पनि गाउँमा यातायातका साधान संचालनमा समस्या नभएको उहाँको भनाइ छ। "गाउँको बाटो बर्खा लाग्यो भने समस्या आइहाल्ने, पटक-पटक पहिरो पन्छाउन पनि नसकिने, दसैं अगाडि धेरै सडक खुलाएर गाउँ आउनेलाई सहज बनाइयो, त्यसपछि पनि बाँकी हरेका सडकहरू अहिले सञ्चालनमा आएका छन्" उहाँले भन्नुभयो, "अब ग्रामीण सडकलाई बाह्रै महिना सञ्चालन गर्ने गरी काम गर्नेछौं।"

# जन्मथलोमा तीन करोड लगानीमा बाख्रा फार्म

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ कार्तिक

बागलुङ गलकोटका अधिकांश मानिस रोजगारी र अध्ययनको सिलसिलामा जापानमा छन्। त्यसैमध्येका एक हुनुहुन्छ, चन्द्र खत्री। गलकोट नगरपालिका-५ कौलेनीका खत्री जापानमा रहे भए आफ्नै गाउँमा रु तीन करोडभन्दा बढी लगानीमा बाख्रा फार्म सञ्चालन गरिरहनुभएको छ।

जापानमा रोजगारी सिर्जनाको माध्यम उद्यम भएको आफ्नो २५ वर्षे अनुभव सुनाउँदै खत्रीले जन्मथलोमा रोजगारी सिर्जना गर्ने उद्देश्यले तीन वर्षअघि जामुनबोट एग्रो फार्म सञ्चालनमा ल्याउनुभएको हो। "पच्चीस वर्षदेखि जापानमा छु, अहिले वर्षमा तीन महिना नेपाल र नौ महिना जापानमा हुन्छु, आफ्नो जन्मथलोमा केही गर्ने सोच पहिलेदेखि नै आएको थियो, तर केही गर्न सकेको थिएन, तीन वर्षअघि बाख्रापालन गर्ने सोच आयो", खत्रीले भन्नुभयो, "अहिले सालो गुमानसिंह खड्काको व्यवस्थापनमा थप पाँच जना फार्ममा कार्यरत हुनुहुन्छ, मेरो मुख्य उद्देश्य गाउँमै रोजागरी सृजना गर्नु हा।" उहाँका अनुसार बाख्राको आधुनिक खोरमा मात्रै रु डेढ करोड लगानी भएको छ भने खोरमा एक हजारभन्दा बढी बाख्रा खट्ने क्षमता छ। अहिले छ जनालाई प्रत्यक्ष रोजगारी दिएको बताउँदै खत्रीले फार्म व्यवस्थापनमा मात्रै मासिक रु तीन लाख खर्च भइरहेको बताउनुभयो। हाल फार्ममा दुई सय बोका, पाठा र माउ बाख्रा छन्। एक वर्षभित्रै जिल्लाकै ठूलो बाख्रा फार्म सञ्चालन गर्ने सोचअनुसार एक हजार बोका बाख्रा क्षमताको आधुनिक खोर निर्माण गरिएको खत्रीको भनाइ छ। खत्रीको श्रीमतीसहित छोरा बुहारीसमेत जापानमा बस्दै आउनुभएको छ। खत्रीले नमूना र प्रविधियुक्त बाख्रापालन गर्न थालेको बताउँदै बाख्रा अध्ययन केन्द्रका रुपमा फार्मलाई विकास गर्ने गरी अगाडि बढेको बताउनुभयो।

उहाँले भन्नुभयो, "किसानबाट उद्यमी बन्नका लागि आधुनिक खोर, उन्नत जातको घाँस ३० बिघा जग्गामा लगाएको छु, आफ्नै मासु पसल खोल्ने योजना छ, अहिले फार्ममा लगानी थप भइरहेको छ, पाँच वर्ष आम्दानी नगरी फार्म विस्तारमै बिताउछु।" कोरोनाकालमा नेपाल फर्कदा गाउँमा आफ्नै केही गर्ने लक्ष्य र बाख्रापालनको सम्भावना देखेपछि लगानी गरेको उहाँको भनाइ छ। फार्ममा ९० प्रतिशत बोयर र १० प्रतिशत स्थानीय जातका बाख्रा छन्। "गाउँमा बाँझो जग्गा बढेको थियो, अहिले बाख्रा फार्म सञ्चालन गरेपछि हरियाली बढेको छ, गाउँबाट बसाइँसराइ गर्ने क्रमसमेत रोकिएको छ, बाख्रा फार्म हेर्न आउनेले गाउँ चलायमान भइरहेको छ", खत्रीले भन्नुभयो। तीन वर्ष पहिला ३५ वटा बाख्राबाट सुरु गरेको बाख्रापलन व्यवसायलाई अहिले दुई सयमा पुर्‍याइएको र आगामी वर्ष छ सय बढी बाख्रापालन गर्ने उहाँको उद्देश्य छ।


## त्रिवेणी इन्टरनेशल कलेज लि. को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**यस कलेजले मिति २०८०/०७/२४ गते शुक्रबार बिहान ११:०० बजेदेखि कलेजको आफ्नै सभाहलमा आठौँ वार्षिक साधारण सभा सञ्चालन गर्ने र सो सभामा आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन, अध्यक्षको वार्षिक प्रतिवेदन, नयाँ आर्थिक वर्षका लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण, बजेट निर्धारण लगायतका विविध विषयहरुमा व्यापक छलफल र निर्णय गर्ने हुँदा उक्त सभामा सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।**


**सुमन भट्टराई**
**अध्यक्ष**
**त्रिवेणी इन्टरनेशनल कलेज लि.**
**पोखरा-२७, तालचोक, कास्की**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बड्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला साविक करेण्डाँडा गाविस –१ हाल पुतलीबजार नगरपालिका–१० निवासी भारतीय पूर्वसैनिक नं. ५०४०११३ का ह. मीनबहादुर रानाकी पत्नी कौशिला रानाको सैनिक अभिलेखमा देवीमाया मात्र उल्लेख भएता पनि दुबै नाम गरेको ब्यक्ति एउटै भएको ब्यहोरा सार्वजनिक जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ।

# बडिगाडले पठायो भूकम्प प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ कार्तिक

बागलुङको बडिगाड गाउँपालिकाले भूकम्प प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मीसहित स्वास्थ्य सामग्री पठाएको छ।

रुकुम पश्चिम र जाजरकोटमा गए राति आएको भूकम्पबाट पीडित नागरिकको उद्धार र उपचारलाई सहज बनाउनका लागि स्वास्थ्यकर्मी र स्वास्थ्य सामग्री पठाएको हो। प्रभावित क्षेत्रमा मानवीय सहायता पुऱ्याउने उद्देश्यले बडिगाड गाउँपालिकाले स्वास्थ्य सामग्रीसहित स्वास्थ्य शाखाका प्रमुख विपेन्द्र केसीको नेतृत्वमा डा कुन्दनकुमार यादव, जनस्वास्थ्य निरीक्षक डिलबहादुर केसी, हेम पुन, हेल्थ असिस्टेन्ट सुदीप रञ्जन यादवलागयत स्वास्थ्यकर्मीको टोली पश्चिम रुकुम र जाजरकोटतर्फ पठाइएको गाउँपालिका अध्यक्ष गण्डकी थापाले बताउनुभयो।

स्वास्थ्यकर्मीको टोली यथाशक्य छिटो प्रभावित क्षेत्रमा पुगेर घाइतेको उपचारमा सहभागी हुनका लागि बडिगाड गाउँपालिकाका स्वास्थ्यकर्मी भूकम्प प्रभावित क्षेत्रतिर प्रस्थान गरिसकेको अध्यक्ष थापाको भनाइ छ। विपद्को समयमा सानो-सानो सहयोगले पनि ठूलो राहत मिल्ने हुँदा गाउँपालिकाले एक डाक्टरसहित चार जना स्वास्थ्यकर्मी पठाएको उहाँले बताउनुभयो। "राहत सहयोग भन्ने कुरा तत्काल गर्नुपर्ने हुन्छ, त्यहाँ विपद्मा परेका नागरिकको अवस्था देख्दा यहाँ हामीलाई दुःखेको छ, समयमै सहयोग गर्न सकियो भने कसैको ज्यान बाँच्छ, उपचार पाउँछ भन्ने हिसाबले हाम्रो यहाँका डाक्टरले त्यहाँका स्वास्थ्यकर्मीसँग संवाद गरी के-के औषधि तथा सामग्री आवश्यक छ भनी सोधेर सोहीअनुसार यहाँबाट लगेर जानुभएको छ", अध्यक्ष थापाले भन्नुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.स. २००५/०९/१५ गते

स्वर्गारोहणः
वि.स. २०८०/०७/०८ गते

**स्वः पिता कान्ता (लक्ष्मी) सिग्देल सुवेदी**

हाम्रा आत्मीय मित्र रविचन्द्र सुवेदी एवं दाजु धर्मराज सुवेदी र चन्द्र शेखर सुवेदीको ममतामयी आमा **पिता कान्ता (लक्ष्मी) सिग्देल सुवेदी** को ७५ वर्षको उमेरमा दिवंगत हुनु भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं। ब्रह्मलीन हुनुभएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

राजेश गुरुङ
राजन सुवेदी
सोभित थापा
काजल गुरुङ

शोभाकान्त सिग्देल
लक्ष्मी थापा
विन्दु सागर पाराजुली
बसुधा भटट्राई

दिपेन्द्र पाहारी
देव क्षेत्री
कृष्ण आचार्य
कृष्ण लामिछाने

अनिल उदास
पृतम पुन
मेडिका श्रेष्ठ

**समाजशास्त्र तथा मानवशास्त्र स्नातकोत्तर समुह -२०६१, पृथ्वीनारायण क्याम्पस, पोखरा**

# आर्थिक समाज नेपाल कास्कीको छैठौं बार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ कार्तिक

आर्थिक समाज नेपाल, कास्कीको छैठौं बार्षिक साधारण सभा, सामाजिक परिक्षण कार्यक्रम संस्थाका अध्यक्ष कृष्णकुमार लामिछानेको सभापतित्व तथा सरस्वति क्याम्पस काठमाडौंका सह प्राध्यापक, तथा नेपाल आर्थिक संघका केद्रिय सचिव खोमराज खरेलज्यू को प्रमुख आतिथ्यतामा मिति २०८० कर्तिक १७ गते मंगलबार सम्पन्न भएको छ।

संस्थाका सचिव भिम प्रसाद उपाध्यायले स्वगत गर्नुभएको, उक्त कार्यक्रममा महासचिव रमेशबहादुर खड्काले आ.ब. २०७९/०८० को बार्षिक प्रगति प्रतिबेदन र आ.ब. २०८० र ०८१ को नीति तथा कार्यक्रम, पेश गर्नु भएको थियो र कोषाध्यक्ष शिलु चालिसेले पेश गर्नुभएको आ.ब.२०७९/०८० को आर्थिक आय र ब्ययको बिबरण तथा आ.ब. २०८० र ०८१ को अनुमानित बजेट तथा कार्यक्रम सर्बसम्मतबाट पारित गरेको छ।

उक्त कार्यक्रम महासचिव रमेशबहादुर खड्काले सञ्चालन गरेका थिए। प्रमुख अतिथिको सह प्राध्यापक तथा यस संस्थाका सल्लाहाकार डा. खोमराज खरेलले हालसम्म यस संस्थाले गरेका राम्रा राम्रा गतिबिधिहरुको प्रशंसा गरर्नुभयो। उहाँले थप बिश्लेषण गर्दै भन्नु भयो हाल नेपालमा लिक्यीडिटि को कमी हुदै गईरहेको अबस्थाले ब्याज दर बढेको छ र लागनीकर्ताहरु निरुत्सहित भएका छन। नेपाल सरकारका वडा, पालिका ,प्रदेश र संघ स्तरमा बैज्ञानिक र प्रगतिशिल कर प्रणलीको ज्ञानको कमि, बजेट तर्जुमा गर्नु अगाडीध्यान दिनु पर्ने मौद्रकि तथा बित्तिय नीतिको आवश्यक ज्ञानको कमिले गर्दा बिकासले गति लिन सकेको छैन तसर्थ यस्ता आवश्यक ठाउँहरुमा यस आर्थिक समाजमा आवद्ध अर्थशात्रीहरुले सहजीकरण गर्दै आगामी दिनहरुमा पनि यस संस्थाले, प्रादेशिक तथा स्थानिय, पालिका तहहरुमा बैङ्किङ, आर्थिक, कृषि, पर्यटन क्षेत्र लगायतका योजना तर्जुमा, कार्यक्रममा अनुगमन तथा मुल्याङ्कन जस्ता बिषयहरुमा सहयोग पुराउनु पर्ने सुझाब दिनु भएको थियो। यदि यसो गरिएन भने देशमा अझै महङ्गी बढ्दैजाने,बैदेशिक मुद्राको सञ्चिति बारम्बार भट्दै जाने हुन्छ अनि नोटबन्दी गर्ने अबस्था आउन पनि सक्छ भन्नुभयो। यसैगरी बिशेष अतिथि पृथ्वी नारायण क्याम्पसका उप प्रा. हेमचन्द्र ढकालले जनसरोकारका बिषयहरुलाई जोड दिदै अनुसन्धानमा आधारित भएर दीगो बिकास लक्ष्य तथा पन्ध्रौं योजनाका उद्देश्य र लक्ष्यमा आधारित भएर योजना तर्जुमा गर्नु पर्ने बिषयमा यस संस्थाले आवश्यक सहयोग पुर्‍याउनुपर्ने देखिन्छ भन्नु भयो। संस्थाका महासचिव रमेशबहादुर खड्काले सञ्चालन गर्नुभएको र अध्यक्ष कृष्णकुमार लामिछानेले समापन गर्नु भएको उक्त कार्यक्रममा बिभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया गरी संस्थाका गतिबिधिका बारेमा सामाजिक परिक्षण समेत गरिएको थियो।

# भूकम्पपीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, १८ कार्तिक

राष्ट्रिय प्रजातन्त्र पार्टी आँबुखैरेनी गाउँ कार्यसमितिले जाजरकोट भूकम्पपीडितका लागि राहत सङ्कलन गरेको छ।

सो पार्टीले शनिबार आयोजना गरेको भेटघाट तथा शोकसभाबाट भूकम्पपीडितका लागि राहत सङ्कलन गरेको हो। उक्त कार्यक्रममा सहभागी पार्टीका नेता तथा कार्यकर्ताबाट रु ४६ हजार एक सय ३५ सङ्कलन भएको सो पार्टीका नेता मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो। उक्त रकम पार्टीले पार्टीका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्रमार्फत सरकारी कोषमा सहयोग गर्ने श्रेष्ठले बताउनुभयो। नेता श्रेष्ठले भन्नुभयो, "पार्टीले आयोजना गरेको भेटघाट तथा शोकसभामा उपस्थिति सबैले आफूले सकेको रकम सहयोग गर्नुभएको हो। सबैले थोरै-थोरै रकम जुटाउन सकिए धेरै हुन्छ। हामीले पनि सकेको गर्‍यौं।"

सो कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका वरिष्ठ उपाध्यक्ष मिश्रले देश आज शोकको घडीमा रहेकाले यो विपद्को अवस्थामा सरकारलाई पार्टीका तर्फबाट सहयोग रहने बताउनुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. २००५/०९/१५ गते

स्वर्गारोहणः
वि.स. २०८०/०७/०८ गते

**स्वः पिता कान्ता (लक्ष्मी) सिग्देल सुवेदी**

हाम्रा प्रात स्मरणीय ममतामयी आमा /हजुरबाबा **पिता कान्ता सिग्देल सुवेदी (लक्ष्मी)** को ७५ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
धर्मराज /सरिता रिजाल सुवेदी
चन्द्रशेखर /लक्ष्मी तिवारी सुवेदी
रवीचन्द्र/ मनिषा पौडेल सुवेदी

**छोरी/ज्वाइँः**
राधिका सुवेदी गैरे/ परशुराम गैरे

**नातिनातिनाः**
विनोद, विमल, विनायक, आदर्श
अनुशा, अन्जली, अलाइशा

**एवम् सम्पूर्ण सुवेदी परिवार**
**पोखरा-२, मिरुवा**

पूनश्चः मिति २०८० कार्तिक १९ गते आइतबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं। समयः बिहान ९ः ०० बजेदेखि स्थानः पोखरा-२ मिरुवा